# धर्मराज !

जजयकार छ तिम्रो
तिमी धर्मराज!

जुवा खेल्न बसेका छौ
हारेपछि भनेका छौ कुटिल चाल ?
जंड्ड्या की आमा ले भट्टि पसल लाइ दोष दिए जस्तै

स्वास्नि बाजि राखेको छौ जुवा मा
हरौरि पाँच गाँउ नपाउँदा
महाभारत मच्चाएका छौ
रक्त आहाल
अनि धर्म युद्ध ??
युगौ तिम्रै कथा लेखिएको छ
गुरु मृत्यु कारक
तिमी धर्मराज ?

राजसुय बाद्शाह बन्न,
अनि हस्तिनापुर खल्तिमा राख्न
नर बलि चडाएर
तिमी प्रजात्रंत्र बादि ?
इस्वर को अनुयायि ?
तिम्रो बखान दैनिक देख्छु पत्रिका मा

लिना लेन को कथा किन लेखिदैन ?
उस्को जिवन गाथा किन लुकेको छ बर्तमान को गर्भ मा ?
किन तिम्रो मात्र महाभारत लेखिएको छ ?
थाहा छैन मलाइ
किन जजयकार हुंछ तिम्रो

फेरि लेखिएला अर्को कुनै महाभारत
प्रज्ञा परमिता
त्यहाँ न तिमी पुजिंछौ न तिम्रो कथा
केवल लिना , झमक र इस्वर रत्न हरु को !

कपिल अधिकारी
ताइपे ,ताइवान
**May 10,2003**